# प्रेस विज्ञप्ती

श्रावण १०, २०७९

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई नोभा अस्पताल प्रा. लि. मा २०% सम्मको छुट

सिद्धार्थ बैंक लिमिटेड र धनगढी स्थित नोभा अस्पताल प्रा. लि. बीच बैंकका ग्राहक महानुभावहरुलाई अस्पतालका विभिन्न सेवाहरुमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट सुदुरपश्चिम प्रदेश प्रमुख श्री पवन चन्द्र अधिकारी तथा नोभा अस्पताल प्रा. लि. का तर्फबाट प्रशासन अधिकारी श्रीमती सुमन भट्ट पनेरुले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले नोभा अस्पताल प्रा. लि. मा सिद्धार्थ बैंकको डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग मार्फत भुक्तानी गर्दा विभिन्न स्वास्थ्य सेवामा २०% सम्मको छुट प्राप्त गर्न सक्नुहुनेछ ।

यसले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गर्नुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिद्धार्थ बैंकको वेबसाइट (www.siddharthabank.com/merchant-offer) मा प्राप्त गर्न सकिनेछ ।